# मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्गहरु (Anti Personnel Mines) को प्रयोग, भण्डारन , उत्पादन तथा ओसार पसार माथि प्रतिबन्ध तथा तिनका बिनाश सम्बन्धी महासन्धी

***सेप्टेम्बर १८,१९९७***

**प्रस्तावना**

राज्य पक्षहरु,

प्रत्येक हप्ता सयौंको मृत्यू अथवा अङ्गभङ्ग, त्यसमा पनि बहुसंख्यक अज्ञान र आफ्नो रक्षा गर्न असमर्थ नागरिक तथा विशेष गरी बालबालिकाहरु मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्गहरु (Anti Personnel Mines) का कारण पिडित र घाइते हुनु पर्ने स्थितिको अन्त्यको लागि , आर्थिक विकास तथा पुनः निर्माणका अवरोध, शरणार्थीलाई स्वदेश फिर्तिमा छेकवार तथा आन्तरिक रुपमै उठिबास गरिएकाहरुको बसोबासमा हुने रुकावट र बर्षौंको गोलाबारुदका कारण भएका बिषम परिणामहरुको अन्त्यका लागि,

अठोट गरिएको मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) हरु हटाउने आवश्यकतालाई महसूस गरेर, विश्व भर विछयाइएको मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) हटाउने चुनौतिको सामना गर्दै र त्यसको बिनासको प्रत्याभूति दिंदै सक्षम र समन्वयात्मक तरिकाले योगदान गर्ने,

बारुदि सुरुङ्ग (Landmines) वाट घाइते भएकाहरुलाई हेरचाह र पुनर्वासका साथै सामाजिक तथा आर्थिक पूनर्एकीकरणका निम्ति बढी भन्दा बढी चाहना राख्ने,

मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग ( Anti Personnel Mine) माथिको पूर्ण प्रतिबन्ध पनि विश्वास जगाउने महत्वपूर्ण उपाय हो भन्ने कुरामा मान्यता दिने,

मे ३ , १९९६ मा संशोधित वारुदी सुरुंगको निषेध सम्बन्धी मस्यौदा अथवा माइन बुबी ट  याप्स (Mine Booby Traps) तथा अन्य विधीको प्रयोग माथि प्रतिवन्ध जस्ता कुरालाई लागु  गर्न स्वीकार्ने , निषेध  माथिको महासन्धी  अथवा  अत्याधिक हानिकारक
(injurious) छन् भन्ने बिश्वास गरिएका अथवा अत्यन्त हानी पुऱ्याउने केही परम्परागत हतियारको प्रयोग माथिको प्रतिबन्ध सम्बन्धी अनुबन्ध अहिले सम्म यस महासन्धीलाई अनुमोदन नगरेका राष्ट  हरुलाई अनुसरणको लागि आह्वान गर्ने,

संयुक्त राष्ट्रसंघ महासभाको १० डिसेम्बर १९९६ को प्रस्ताव ५१।४५ एस (51/45 S) अनुसशरण गरेर मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को प्रयोग, भण्डारन, उत्पादन तथा ओसारपसारलाई प्रतिबन्ध लगाउने कानूनी बाध्यताको अर्न्तराष्ट्रिय सम्झौता सबै राष्ट्रलाई प्रभाबकारी रुपले अनुशरण गर्न जोड दिंदै डिसेम्बर १०, १९९६ को संयुक्त राष्ट संघ महासभाको प्रस्ताव ५१।४५९ को स्वागत गर्ने,

मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को प्रयोग, भण्डारन, उत्पादन तथा ओसारपसारलाई निषेध, बन्देज तथा निलम्वन गर्ने तिर प्रवृत्त हुँदै विगतमा एकपक्षीय वा बहुपक्षीय रुपबाट संचालित उपायहरुको स्वागत गर्ने,

मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को पूर्ण प्रतिबन्धको आह्वानलाई साथ दिने जनताको बिबेकले नैं मानबताको सिद्धान्तको बिस्तार हुन्छ भन्ने कुरामा जोड दिंदै र अन्तराष्ट्रिय रेडक्रस तथा रेड क्रेस्सेन्ट आन्दोलन (Red Crescent Movement), बारुदी सुरुङ्गमा प्रतिबन्ध लगाउने अन्तराष्ट्रिय अभियान (International Campaign to Ban Landmines) तथा बिश्वभरका अन्य थुप्रै गैरसरकारी संस्थाहरुका यस सम्बन्धमा भएका प्रयासलाई मान्यता दिंदै,

मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine) को प्रयोग, भण्डारन, उत्पादन तथा ओसारपसार माथि प्रतिवन्ध लगाउने अन्तर्राष्ट्रिय तथा कानूनी बाध्यतामा अन्तर्राष्ट्रिय समुदायलाई सहमत गर्न अक्टोवर ५,१९९६ को ओटावा घोषणा (Ottawa Declaration) र जुन २७, १९९७ को ब्रसेल्स घोषणा (Brussels Declaration ) को स्मरण गराउन,



See www.icbl.org/treaty/text - for more translations and authentic texts.

संयुक्त राष्ट्रसंघ, निशस्त्रीकरण महासन्धीहरु तथा क्षेत्रीय संगठनहरु र समूहहरु लगायत सम्बन्धित पक्षहरुले अत्यन्त खतरनाक अथवा हृदयविदारक असर पार्ने भन्ने विश्वास गरेका केही परम्परागत हातहतियारको प्रयोगमाथि प्रतिबन्ध लगाउने सन्धीको सिंहावलोकन गर्ने सम्मेलनमा तिनको नष्टको सर्वब्यापक मान्यतालाई बढावा दिन दृढतापूर्वक काम गर्न र सम्पूर्ण राष्ट्रलाई यो महासन्धीको अवलम्बन गर्ने इच्छा जगाउन जोड दिने,

अन्तर्राष्ट्रिय मानवतावादी कानूनको सिधान्तमा आधारित भएर सशस्त्र संघर्षरत पक्षहरुलाई युद्धका तरीका र साधनहरु असीमित छैनन् भन्ने कुरा र हतियार, क्षेप्यास्त्र तथा युद्ध सामाग्रीहरुले रोजगार समेत बन्द गराउँछ तथा युद्धका एक खालका तरीकाले अपरिमीत चोट अथवा अनावश्यक कष्ट दिने हुनाले नागरिक र लडाकुमा भेद गरिनु पर्छ भन्ने सिद्धान्तमा आधारित भएर निम्न कुराहरुमा समभ्रदारी भएको छ :

## धारा १
### *सामान्य दायित्व*

१. प्रत्येक राज्य पक्षले कुनैपनि परिस्थितिमा कहिल्यै पनि अवलम्वन गर्न नहुने :

(क) मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को प्रयोग

(ख) मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine)को प्रत्यक्ष वा अप्रत्यक्ष विकास, उत्पादन, कुनै किसिमबाट प्राप्ति, भण्डारन, अथवा कसैलाई हस्तान्तरण

(ग)यस महासन्धीले राष्ट्रलाई कुनै पनि किसिमले कसैलाई पनि प्रतिबन्ध लगाएको काम गर्न सहयोग, प्रोत्साहन अथवा प्रलोभन दिन वा उक्साउन

२. यस महासन्धीका प्रावधान अनुसार हरेक राज्य पक्षले मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine)को विनास गर्नु वा विनासको प्रत्याभूति दिनु पर्छ ।

## धारा २
### *परिभाषा*

मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine)

१. ब्यक्तिको उपस्थिति, सामिप्य वा संसर्गबाट विस्फोट हुने गरी तयार गरिएको वारुदी सुरुंग (Mines) र जसले एक वा एक भन्दा बढी ब्यक्तिलाई अपाङ्ग बनाउने, चोट पुऱ्याउने अथवा मार्ने, लाई जनाउँदछ । यसको बिपरित यातायात (सवारी) को उपस्थिति, सामिप्य वा संसर्गबाट बिस्फोट हुने अनियन्त्रित (एन्टी ह्ेन्डलिङ डिभाइस) उपकरणहरुले सज्जित वारुदि सुरुंगलाई यसको प्रकृतिको कारणले मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) मानिदैन ।

२.बारुदी सुरुङ्ग भन्नाले जमीन मुनी, जमिनमा, जमिन निर वा अन्य जमिनका सतहमा बिछ्याउने र ब्यक्ति वा सवारी साधनको उपस्थिति, सामिप्य वा संसर्गबाट विस्फोट हुने किसिमले तयार गरिएको युद्ध वा घातक सामाग्रीलाई वारुदी सुरुंग (Mines) जनाउँदछ ।

३. वारुदी सुरुंग (Mines) को सुरक्षार्थ तथा त्यसको पूर्जा वा त्यस संग सम्बन्धीत वा जोडिएको वा मुन्तीर जडान गरिएको उपकरण नै एन्टी हैन्डलिंग डिभाइस हो । वारुदी सुरुंगलाई असर पार्ने काम हुने वितिकै वा वाधा उत्पन्न गर्ने वित्तिकै यो क्रियाशील हुन्छ ।

४. मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) राखिएको क्षेत्रको हस्तान्तरणलाई हैन बरु राष्ट्रिय भूमि भित्र वा भूमिवाट मानव बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को भौतिक आवागमनको साथै वारुदी सुरुंगको स्वामित्वको हस्तान्तरण वा नियन्त्रणलाइ " हस्तान्तरण" (Transfer) भनिन्छ ।

५. वारुदी सुरुंग (Mines) को अबस्थिति वा अवस्थितिको आशंकाका कारण खतरनाक ठानिएको क्षेत्रलाई वारुदी सुरुंग "प्रभावित क्षेत्र" (Mined Area ) भनिन्छ ।

## धारा ३



See www.icbl.org/treaty/text - for more translations and authentic texts.

### *अपवाद*

१.दफा एकको सामान्य कर्तब्यको बाबजूद पनि वारुदी सुरुंग (Mines) को अनुसन्धान वा त्यसको पत्ता लगाउने तालिम, वारुदी सुरुंग को नष्ट (Clearence) का लागि यसको संचय वा हस्तान्तरणलाई स्वीकृत गरिएको छ । तर यस्ता वारुदी सुरुंग (Mines) को संख्या उल्लिखित उदेश्यका लागि नभई नहुने भन्दा बढता हुने छैन ।

२. मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) लाई नष्ट गर्नका लागि यसको हस्तान्तरण स्वीकार गरिएको छ ।

## धारा ४
## *मानव विरुद्ध लक्षित वारुदी सुरुंग (Anti Personnel Mine) को नष्ट*

भण्डारन गरिएका मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को विनाश भाग ३ मा उल्लेखित गरिएका अबस्थामा बाहेक हरेक राज्य पक्षले भण्डारन गरी राखिएका वा त्यस देशको अधिकार वा नियन्त्रणमा रहेका मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को सके सम्म छिटो, महासन्धीमा हस्ताक्षर गरेको चार बर्ष भन्दा ढिलो नहुने गरी विनाश गर्नेछ वा त्यसको प्रत्याभूति दिनेछ ।

## धारा ५
## *वारुदी सुरंग "प्रभावित क्षेत्र" ( Mined Area ) मा नै मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine) को विनास*

१. प्रत्येक राज्य पक्षले आफ्नो अधिकार वा नियन्त्रणमा रहेको मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) सकेसम्म छिटो तर यस महासन्धीमा हस्ताक्षर गरेको दश बर्ष भन्दा ढिलो नहुने गरी वारुदी सुरुंग प्रभावित क्षेत्र ( Mines Area ) मा नै विनाश गर्नेछ वा बिनाशको प्रत्याभूति दिनेछ ।

२. प्रत्येक राज्य पक्षले आफ्नो अधिकार अथवा नियन्त्रणमा रहेका स्थानका मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mine) राखिएको थाहा भएका वा शंका लागेका सबै क्षेत्रहरु पत्ता लगाउन हर सम्भब प्रयत्न गर्नेछ र मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) नष्ट नगरुञ्जेल नागरिकहरुलाई त्यस ठाउँमा पूर्ण निषेध गर्न सम्भब भए सम्म चाँडो आफ्नो अधिकार वा नियन्त्रणमा रहेका सबै मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को वार वा अर्को वारुदि सुरुंगद्धारा परिधी रेखाङ्कन गरिएको, रेखदेख गरिएको तथा सुरक्षित पारिएको हुनु पर्नेछ । ३ मे १९९६ मा संसोधन गरिए बमोजिम Mines, Booby Trapes तथा अन्य उपकरणहरुको प्रयोग सम्बन्धी निषेध वा बन्देज तथा अत्यन्त हानीकारक तथा हृदय बिदारक असर पार्ने केही परम्परागत हतियारको प्रयोग सम्बन्धी बन्देज वा निषेधका महासन्धी प्रतिको अनुबन्धको मस्यौदा अनुरुपको स्तरको रेखाङ्कन कम्तीमा पनि हुनु पर्नेछ ।

३. अनुच्छेद १ मा उल्लेख गरिए अनुसारको समयमा मानब बिरुद्ध लक्षित बारुदि सुरुङ्ग (Anti Personnel Mine) को विनाश गर्न वा विनाश गर्ने अबस्था नभएको विश्वास राज्य पक्षलाई लागेको छ भनी त्यसले राज्य पक्षहरुको बैठकमा वा पुन मूल्याङ्कन सभामा त्यस्ता वारुदि सुरुंग (Mines) को विनाश निम्ति दश बर्ष सम्मको समयाबधि थप्ने बारे अनुरोध पेश गर्न सक्नेछ ।

४. प्रत्येक अनुरोधमा निम्न लिखित कुराहरु हुने छन् :

(क) प्रस्ताबित समयाबधिको विस्तार गर्ने अवधि

(ख) प्रस्ताबित विस्तार गर्नु पर्नाको कारणको पूर्ण ब्याख्याका साथै :

*अ) वारुदि सुरुंग हटाउने राष्ट्रिय कार्यक्रमको लागि गरिएका तयारी र कामको स्थिति*

*आ) मानव विरुद्ध लक्षित वारुदि सुरुंग (Anti Personnel Mines) को विनाशका निम्ति राज्य पक्ष सँग उपलब्ध आर्थिक तथा प्राविधिक साधन*

*इ) मानव विरुद्ध लक्षित वारुदि सुरुंग (Anti Personnel Mines) लाई वारुदि सुरुंग प्रभावित क्षेत्रमा नै विनाश गर्न राज्य पक्षको क्षमतामा बाधा अडचन पुयाउने परिस्थिति*

ग) अवधी थपका मानवीय, सामाजिक, आर्थीक तथा वातावरणीय परिणामहरु (Implecations)

घ) अबधीको विस्तारको प्रस्तावित अनुरोध संग सम्बन्धित अन्य कुनै जानकारी

५. अनुच्छेद ४ का अवधारणाहरुलाई विचार गरेर राज्य पक्षहरुको बैठक अथवा पुनः मूल्यांकन सम्मेलन (Review Conference) ले यस राज्य पक्षको अनुरोधको मूल्याङ्कन गर्नेछ र उपस्थित राज्य पक्षहरुको बहुमत अनुसार अवधि थप गर्नेकी नगर्ने भन्ने कुरा निर्णय गर्नेछ ।

६. यो धाराको ३, ४ र ५ अनुच्छेद अनुसार नयाँ अनुरोध पेश गरेमा अवधी थप बारे नवीकरण गर्न सकिन्छ । यो माग अनुरुप राज्य पक्षले पुनः अवधी थप गराउन चाहेमा राज्यपक्षले पहिलो अवधी थप हुँदा के के काम गरेको थियो त्यसको थप जानकारी दिनु पर्नेछ ।

## *धारा ६*
## *अन्तर्राष्ट्रिय सहयोग तथा सहायता*

१. यस महासन्धी अनुरुप आफ्नो दायीत्व निर्बाह गर्दा प्रत्येक राज्य पक्षको सम्भब भएसम्म अर्को राज्य पक्षसंग सहायता खोज्ने र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

२. प्रत्येक राज्य पक्षले यो महासन्धीको कार्यान्वयनका सम्बन्धमा संयन्त्र सामान र वैज्ञानिक तथा प्राविधिक जानकारी सहजै आदान प्रदान गर्न पाउनु पर्छ तथा पूर्णरुपले सहभागिता हुन पाउनु पर्छ । मानवीय उद्धेश्यका लागि सम्बन्धित प्राविधिक जानकारी तथा बारुदी सुरुङ्ग हटाउने संयन्त्रका प्राबधान माथि राज्य पक्षले अनाबश्यक दवाब दिन पाउने छैन ।

३. प्रत्येक राज्य पक्षले त्यस्तो गर्नु पर्ने अवस्थामा बारुदी सुरुङ्गवाट शिकार भएकाहरुको हेरचाह तथा पुनर्वास तथा सामाजिक र आर्थिक पुनर्एकीकरण तथा बारुदी सुरुङ्ग सचेतनता कार्यक्रमका लागि सहायता दिनुपर्छ । यस्ता सहायता अन्य संस्था, संयुक्त राष्ट्र संघको व्यवस्था, अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय संगठन वा संस्थाहरु, रेडक्रस अन्तर्राष्ट्रिय समिति, राष्ट्रिय रेडक्रस तथा रेड क्रेस्सेन्ट सोसाइटीहरु र तिनका अन्तर्राष्ट्रिय महासंघ गैर सरकारी संस्थाहरु मार्फत अथवा द्विपक्षीय आधारमा दिन सकिन्छ ।

४. प्रत्येक राज्य पक्षले त्यस्तो गर्नुपर्ने अवस्थामा बारुदी सुरुङ्ग हटाउन तथा सम्बन्धित काम कारवाहीका लागि सहायता प्रदान गर्नेछ । यस्ता सहायता अन्य संस्था, संयुक्त राष्ट्र संघको व्यवस्था, अन्तराष्ट्रिय वा क्षेत्रीय संगठन वा संस्थाहरु, गैर सरकारी संस्थाहरु तथा संगठनहरु मार्फत अथवा द्विपक्षीय आधारमा अथवा संयुक्त राष्ट् संघ भोलन्टरी ट्रस्ट फण्ड फर एसिस्टेन्स इन माइन क्लियरेन्स (United Nations Voluntary Trust Fund for Assistance in mine clearance) अथवा वारुदि सुरुंग हटाउने काममा लागेका अन्य क्षेत्रीय कोष मार्फत दिन सकिन्छ ।

५. हरेक राज्य पक्षले त्यस्तो गर्नु पर्ने अबस्थामा भण्डारन गरिएका मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines ) को विनाशको लागि सहायता दिनेछ ।

६. संयुक्त राष्ट्र संघीय व्यवस्था अन्तर्गत स्थापित खास गरी बारुदी सुरुङ्ग हटाउने बिभिन्न उपाय र प्रविधि, बिशेषज्ञहरुको सूची, बिशेषज्ञ एजेन्सीहरु अथवा सम्बन्धित कामका सम्पर्कका राष्ट्रिय स्थानहरुका जानकारी हरेक राज्य पक्षले तथ्याङ्कको आधारमा दिनेछ ।

७. संयुक्त राष्ट्रसंघ, क्षेत्रीय संगठन, अन्य राज्य पक्षहरु अथवा अन्य सक्षम सरकारी अथवा गैर सरकारी संस्थालाई आफ्नो अधिकारीहरुले बिस्तारपूर्बक बारुदी सुरुङ्ग (Mines) निस्क्रिय तुल्याउने ( Demining ) कार्यक्रमको सहयोग गरी अरु कुराहरुका अतिरिक्त निम्न कुराहरु निर्धारण गर्नेः

क) मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) समस्याको सीमा र क्षेत्र

ख) यो कार्यक्रम कार्यान्वयन गर्न आवश्यक आर्थिक, प्राविधिक तथा मानव साधन

ग) सम्बन्धित राज्य पक्षको अधिकार क्षेत्र अथवा नियन्त्रण भित्रका बारुदी सुरुङ्ग बिछ्याइएको क्षेत्रहरुबाट मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) को बिनाश गर्न लाग्ने आवश्यक अनुमानित बर्ष

घ) बारुदी सुरुङ्ग दुर्घटनाबाट हुने मृत्यूका घटना न्यून गर्न बारुदी सुरुङ्ग सचेतनता कार्यक्रम

ङ) बारुदी सुरुङ्गका शिकार भएकाहरुलाई सहायता



See www.icbl.org/treaty/text - for more translations and authentic texts.

च) यी कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित राष्ट्रका सरकार तथा सम्बन्धित सरकारी, अन्तर सरकारी अथवा गैर सरकारी संस्था बिचका सम्बन्ध

(८) यस धारा अन्तरगत सहायता दिने वा लिने प्रत्येक राज्य पक्षले सहमत भएका सहायता कार्यक्रम पूर्ण तथा शिघ्र लागु गर्न सहयोग गर्नेछ ।

## दफा ७
## *पारदर्शी उपाय*

१.ब्यबहारिकताको ख्याल गरेर प्रत्येक राज्य पक्षले सकेसम्म छिटो आफूले महासन्धीमा हस्ताक्षर गरेको १८० दिन भन्दा ढिलो नहुने गरी निम्न कुराहरुको सम्बन्धमा संयुक्त राष्ट्र संघका महासचिबलाई जानकारी गराउनु पर्नेछ

क) दफा ९ मा उल्लेखित राष्ट्रिय कार्यान्वयन पद्धति

ख) राष्ट्रमा रहेको वा राष्ट्रसंग रहेको वा त्यसको अधिकार वा नियन्त्रणमा रहेको वा भण्डारन गरिएको मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) तथा त्यसको बिनाश गरिएका किसिम र परिमाण तथा सम्भब भएसम्म भण्डारन गरिएका प्रत्येक किसिमका ती बारुदी सुरुङ्गका लट नम्बर (Lot number) उल्लेख गर्ने ।

ग) सम्भब भए सम्म वारुदि सुरुंग प्रभावित क्षेत्र रहेका स्थान अथवा शंका लागेका स्थान तथा अधिकारमा रहेका वा अवस्थित मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) र हरेक वारुदि सुरुंग प्रभावित क्षेत्रमा राखिएका मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) का किसिम तथा परिमाण उल्लेख गर्नु पर्ने ।

घ) बारुदी सुरुङ्ग खोज्ने, पन्छाउने वा विनाश गर्ने कार्यमा, बिकाश वा तालिमको लागि राखिएका वा हस्तान्तरण गरिएका अथवा बिनाशको लागि हस्तान्तरण गरिएका सबै मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) को किसिम, परिमाण र सम्भब भए लट नम्बरका साथै राज्य पक्षबाट दफा ३ अनुसार मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) राख्न वा हस्तान्तरण गर्न अख्तियार प्रदान गरेका संस्थाहरु

ङ) मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) उत्पादन कार्य बदल्न अथवा प्रतिबन्ध लगाउन गरिएका कार्यक्रमको स्थिति

च) मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग (Anti Personnel Mines) को बिनाश निम्ति प्रयोग गरिएका बिधि, बिनाश स्थल र सुरक्षाको अनुकुलता तथा वातावरणीय मापदण्डको जाँचका साथै दफा ४ र ५ अनुसार ती बारुदी सुरुङ्गको विनाशको निम्ति भएका कार्यक्रमको अवस्था

छ) उक्त सम्मेलनको प्राबधानमा राज्य पक्षले प्रबेश गरे पश्चात क्रमश: धारा ४ र ५ बमोजिम नष्ट गरिएको हरेक किसिमको मानव विरुद्ध लक्षित वारुदी सुरुंगका परिमाण छुट्याउने र सम्भब भए सम्म धारा ४ अनुरुप नष्ट गरिएका मानव विरुद्ध लक्षित वारुदी सुरुंगको प्रत्येक किसिममा लट नं.(Lot Number) राख्ने ।

ज) बर्तमान राज्य पक्षको स्वमित्वमा रहेका र अन्य तवरले उत्पादन गरिएका मानव विरुद्ध लक्षित वारुदी सुरुंगको प्रत्येक किसिमको प्राविधिक बिशेषताहरुको विवरण र थाहा भए सम्म यस्ता बर्गीकृत जानकारी दिने जसले गर्दा मानव विरुद्ध लक्षित वारुदी सुरुंगको पहिचान र तिनको सफाया गर्न सजिलो होस; कम्तिमा यस्तो खाले जानकारीमा आयतन बिस्फोटकको मात्रा, धातुको मात्रा, रंगिन फोटोहरु तथा अन्य जानकारीहरु समाबेश हुन्छन् जसले खानीहरुको सफाया गर्न सहज होस; र

झ) धारा ५ को अनुच्छेद २ अन्तर्गत पहिचान गरिएका क्षेत्रहरुका बासिन्दालाई शीघ्र र प्रभाबकारी चेतावनी दिन चालिएका कदमहरु

२. यस धारामा ब्यवस्था गरे अनुरुप प्रदान गरिएका जानकारीहरु राज्य पक्षहरुले बर्षेनी अद्यावधिक गर्नेछन् । सो क्रममा गत बर्षको जानकारी पनि हुनेछ । यी सवै जानकारीहरु संयुक्त राष्ट्रका महासचिवलाई प्रत्येक बर्ष अप्रिल ३० तारिख भन्दा ढिलो नगरी प्रस्तुत गर्नु पर्नेछ ।

३. संयुक्त राष्ट्रका महासचिवले यस्ता प्रतिबेदनहरु राज्य पक्षहरुलाई प्रदान गर्नेछन् ।

## धारा ८
## *अनुरोधहरुको सहजीकरण र स्पष्टिकरण*



See www.icbl.org/treaty/text - for more translations and authentic texts.

१. यस सम्मेलनका प्रावधानहरु कार्यान्वयन गर्ने सम्बन्धमा र यस सम्मेलन अनुरुप व्यबस्था गरिएका उत्तरदायित्वहरु लागु गर्न, राज्य पक्षहरुको सहजीकरण गर्न राज्य पक्षहरु एक अर्कासंग परामर्श गर्न र सहयोग गर्न मंजुर छन् ।

२. यदि एक वा बढी राज्य पक्षहरु यस सम्मेलनले व्यवस्था गरे अनुरुपका प्राबधानहरु अन्य कुनै राज्य पक्षले मान्नु पर्ने सवाल स्पष्ट गर्न चाहन्छन् र यसका समाधानहरु खोज्न चाहन्छन् भने ती पक्षहरुले संयुक्त राष्ट्रसंघका महासचिव मार्फत स्पष्टिकरणको लागि अनुरोध गर्न सक्छन् । यस्ता अनुरोधहरुमा सबै खाले उचित जानकारीहरु हुनु पर्ने छ । प्रत्येक राज्य पक्षले स्पष्टिकरणको लागि आधार नभएका अनुरोधहरुको परहेज गर्नेछ साथै दुरुपयोग हुनबाट बच्न साबधानी अपनाउने छ । स्पष्टिकरणको लागि अनुरोध प्राप्त गर्ने कुनै राज्य पक्षले संयुक्त राष्ट्रसंघको महासचिब मार्फत २८ दिन भित्रमा अनुरोध गर्ने राज्य पक्षलाई सबै जानकारीहरु दिनु पर्नेछ ता कि यो सवाललाई स्पष्ट पार्न मद्दत मिलोस ।

३. यदि अनुरोध गर्ने राज्य पक्षले समय भित्र संयुक्त राष्ट्र संघका महासचिव मार्फत कुनै पनि उत्तर नपाएमा वा स्पष्टिकरणको लागि पठाइएको अनुरोध प्रतिको जवाफ सन्तोषजनक नभएको अनुभव भएमा सो पक्षले संयुक्त राष्ट्र संघका महासचिव मार्फत यो बिषयलाई राज्य पक्षहरुको आउँदो बैठकमा सुम्पिन सक्नेछ । संयुक्त राष्ट्र संघका महासचिवले यस्ता कागजपत्र, जसमा स्पष्टिकरणको लागि अनुरोधसंग सम्बन्धित सबै उपयुक्त जानकारीहरु हुनेछन्, सबै राज्य पक्षहरुलाई हस्तान्तरण गर्नेछन् । यस्ता खाले सबै जानकारीहरु अनुरोध गरिएको राज्य पक्ष समक्ष प्रस्तुत गरिनेछ र सो पक्षलाई प्रत्युत्तर दिने अधिकार हुनेछ ।

४.राज्य पक्षहरुको कुनै पनि बैठक नबसेमा सम्बन्धित कुनै पनि राज्य पक्षले संयुक्त राष्ट्र संघका महासचिवलाई अनुरोध गरिएको स्पष्टिकरणलाई सहजीकरण गर्न आफ्ना अधिकारहरुको अभ्यास गर्न अनुरोध गर्न सक्नेछ ।

५.अनुरोध गर्ने राज्य पक्षको विषयबस्तु प्रति विचार पुऱ्याउन राज्य पक्षहरुको विशेष वैठक वोलाउनका लागि संयुक्त राष्ट्र संघका महासचिव समक्ष प्रस्ताव राख्न सक्नेछ । यसरी सम्वन्धित राज्य पक्षको प्रस्ताव प्राप्त भएपछि संयुक्त राष्ट्रसंघका महासचिवले सो प्रस्तावको जानकारी सवै राज्य पक्षहरुलाई दिनेछन् । उनीहरु उक्त प्रस्ताबलाई बिचार गर्न राज्य पक्षहरुको बिशेष बैठकको पक्षमा छन् छैनन् भन्ने अनुरोध गर्दछन् । यसरी जानकारी दिएको दिन देखि १४ दिन भित्र सम्ममा कम्तिमा एक तिहाई राज्य पक्षहरुले यस्तो विशेष बैठकको पक्षमा जाने संकेत दिएमा अर्को १४ दिन भित्रमा संयुक्त राष्ट्र संघका महासचिब स्वयंले यो विशेष बैठक सञ्चालन गर्नेछन् । यस्तो विशेष बैठकमा गणपुरक संख्या राज्य पक्षहरुको बहुसंख्याको उपस्थिति हुन् ।

६. राज्य पक्षहरुको साधारण बैठक होस वा विशेष बैठक, यसले सर्वप्रथम यो विषय वस्तुलाई भबिष्यमा पनि विचार गर्नुपर्ने हो कि होइन भनी निर्धारण गर्दछ । यसरी निर्धारण गर्नु पर्दा सम्बन्धित राज्य पक्षहरुले प्रस्तुत गरेका सबै जानकारीहरु माथि बिचार गरिन्छ । राज्य पक्षहरुको बैठक वा विशेष बैठकले सहमतिको आधारमा कुनै निर्णयमा पुग्न हरेक प्रयास गर्नेछ । सबै कोशिसहरुको बाबुजुद पनि यदि कुनै सम्झौतामा पुग्न नसकिएमा उपस्थित बहुसंख्यक राज्य पक्षहरुको मतदानद्धारा निर्णय गराइनेछ ।

७. साधारण वा विशेष वैठकलाई सवै राज्यपक्षहरुले परिच्छेद ८ ले अधिकार दिए वमोजिम कुनै पनि तथ्यको खोजी गर्ने मिसन लगायतको विषय वस्तुको समीक्षा पुरा गर्न पूर्ण सहयोग गर्नेछन् ।

८. यदि भविश्यमा पनि स्पष्टिकरणको आवश्यकता परेमा राज्य पक्षहरुको साधारण वा विशेष बैठकले तथ्यको खोजी गर्ने मिसनलाई पूर्ण अधिकार दिनेछ र बहुसंख्यक राज्य पक्षहरुद्धारा मतदान गराई सो मिसनले गर्नु पर्ने कामबारे निर्णय गर्नेछ । अनुरोध गरिएको राज्य पक्षले कुनै पनि बेला तथ्य खोजी गर्ने मिसनलाई आफ्नो क्षेत्रमा आमन्त्रण गर्न सक्नेछ । यस्ता मिसनहरुलाई अधिकार प्रदान गर्न र कार्यान्वयनमा सरिक गरिन राज्य पक्षहरुको साधारण वा बिशेष बैठकको निर्णय चाहिंदैन । नौ जना बिशेषज्ञ भएका र परिच्छेद ९ र १० अनुरुप बहाल गरिएको र अनुमोदन गरिएको यस मिसनले घटनास्थल वा अन्य ठाउँहरुमा आज्ञाकारिताको अबहेलना गरेको आरोप लागेको सम्बन्धमा न्यायसंगत ढंगले अथवा अनुरोध गरिएको राज्य पक्षको नियन्त्रणका अतिरिक्त जानकारीहरु संकलन गर्नेछ ।

९. राज्य पक्षहरुले प्रदान गरेका बिशेषज्ञहरुको नाम, राष्ट्रियता र अन्य सान्दर्भिक तथ्याङ्क र सो को अध्यावधिक सूची संयुक्त राष्ट्रसंघका महासचिवले तयार गर्नेछन् र सबै राज्य पक्षहरुलाई यसको जानकारी प्रसारण गर्नेछन् । यस सूचीमा समाबेस भएको कुनै पनि विशेषज्ञलाई राज्य पक्षले लिखित रुपमा अस्वीकार नगरुञ्जेल उक्त विशेषज्ञ सबै तथ्य खोजी गर्ने मिसनहरुको लागि बहाल भएको मानिनेछ । यदि कुनै विशेषज्ञ यस्ता मिसनहरुमा बहाल हुनुभन्दा अगाडि नै उसलाई अस्वीकार गरिएको घोषणा गरिन्छ भने नीजले त्यस्तो आपत्ति जनाउने राज्य पक्षको न्याय पद्धति



See www.icbl.org/treaty/text - for more translations and authentic texts.

वा नियन्त्रणमा रही उक्त राज्य पक्षको कुनै पनि क्षेत्र वा स्थानहरुमा हुने तथ्य खोजी मिसनहरुमा सहभागी हुने छैन ।

१०. राज्य पक्षहरुको साधारण बैठक वा विशेष बैठकको अनुरोध प्राप्त गरेपछि संयुक्त राष्ट्रसंघका महासचिवले अनुरोध गरिएको राज्य पक्षसँग परामर्श गरी मिसनको अगुवा सहित अन्य सदस्यहरु बहाल गर्नेछन् । प्रत्यक्ष रुपमा प्रभाबित राज्य पक्षहरुका नागरिकहरुलाई तथ्य खोजी गर्ने मिसनमा नियुक्त गरिने छैन । तथ्य खोजी गर्ने मिसनका सदस्यहरुले १३ फरवरी १९४६ मा अपनाइएको "संयुक्त राष्ट्रसंघको बिशेषाधिकार सम्बन्धी सम्मेलन र राष्ट्रसंघको प्रतिरोधात्मकता" को धारा ६ अन्तरगत भएका बिशेषाधिकारहरु उपभोग गर्न पाउने छन् ।

११. कम्तीमा ७२ घण्टाको सूचना प्राप्त भएपछि तथ्य खोजी मिसनका सदस्यहरु अनुरोध गरिएको राज्य पक्षको भूमिमा आइपुग्ने छन् । अनुरोध गरिएको राज्य पक्षले सो मिसनलाई स्वागत गर्न, गन्तव्य सम्म पुग्न र गाँसवासको (Accommodate) व्यवस्था गर्न प्रशासनिक कदमहरु (Measares) चाल्नेछ साथै राज्य पक्षले आफ्नै नियन्त्रणमा आफ्नै भूमिमा छउञ्जेल सो मिसनलाई सकेसम्म बढी भन्दा बढी सुरक्षा प्रदान गर्ने उत्तरदायित्व बहन गर्नेछ ।

१२. अनुरोध गरिएको राज्य पक्षको सार्वभौम सत्ताको विरुद्धमा कुनै पनि पुर्वाग्रह नराखी तथ्य खोजि गर्ने मिसनले अनुरोध गरिएको राज्य पक्षको भूमिमा अवज्ञाको आरोप लागेको मुद्धाबारे जानकारी सङ्कलन गर्नका लागि आवश्यक उपकरणहरु ल्याउन सक्नेछ । आफू आउनु भन्दा अगावै मिसनले अनुरोध गरिएको राज्य पक्षलाई तथ्य खोजी गर्ने कममा प्रयोग गर्न खोजिएको उपकरणहरुबारे सूचना दिनेछ ।

१३. अनुरोध गरिएको राज्य पक्षले के कुरामा प्रयास गर्नुपर्छ भने तथ्य खोजी गर्ने मिसनले सबै सम्बन्धित व्यक्तिहरुसँग बोल्ने अबसर पाउन् जसले अवज्ञाको आरोप लागेको मुद्धाबारे जानकारी दिन सक्षम छन् ।

१४. राज्य पक्षले आफनो नियन्त्रणमा तथ्य खोजी गर्ने मिसनलाई ती सबै क्षेत्रहरुमा जान छुट दिनेछ जहाँ अबज्ञाको आरोप लागेको मुद्धाबारे सम्बन्धित तथ्यहरु संकलन गर्ने अपेक्षा गर्न सकिन्छ । राज्य पक्षले निम्नलिखित कुराहरुका लागि ब्यबस्था गर्नेछ ।

क) सम्बेदनशील उपकरण, जानकारी तथा क्षेत्रहरुको संरक्षण;

ख) कुनै पनि सम्बैधानिक दायित्वको रक्षा अर्न्तगत अनुरोध गरिएको राज्य पक्षसंग स्वामित्वको अधिकार (Proprietary Rights) र खोजतलास गर्ने, खोस्ने, अधिकारको साथै अन्य सम्बैधानिक अधिकारहरु हुनेछन् ।

ग) तथ्य खोजी गर्ने मिसनका सदस्यहरुको शारीरिक रक्षा तथा सुरक्षा ।

यस्ता ब्यबस्थाहरु गरेको बखतमा राज्य पक्षले सम्मेलनको पालना गरेको कुरालाई वैकल्पिक साधनहरु प्रयोग गरी प्रदर्शन गर्न हरेक उपयुक्त प्रयास गर्नेछ ।

१५. अन्य व्यवस्था स्वीकृत नभए सम्म तथ्य खोजी गर्ने मिसन सम्बन्धित राज्य पक्षको भूमिमा १४ दिन भन्दा बढी र कुनै खास स्थानमा ७ दिनभन्दा बढी रहन पाउने छैन ।

१६.गोप्य रुपमा प्रदान गरिएका र तथ्य खोजी गर्ने मिसनका विषय वस्तुसंग सम्बन्ध नभएका जानकारीहरु गोप्यताको आधारमा लिइने छन् ।

१७.तथ्य खोजी गर्ने मिसनले आफूले प्राप्त गरेको नतिजाहरुको प्रतिबेदन संयुक्त राष्ट्रसंघका महासचिव मार्फत राज्य पक्षहरुको साधारण बैठक वा बिशेष बैठकमा प्रस्तुत गर्नेछ ।

१८.राज्य पक्षहरुको साधारण वा विशेष बैठकले तथ्य खोजी गर्ने मिसनद्धारा प्रस्तुत प्रतिबेदन लगायत सबै सम्बन्धित जानकारीहरु मनन गर्नेछ र अनुरोध गरिएको राज्य पक्षलाई कुनै निश्चित अबधी भित्र पालन गर्नुपर्ने बिषयलाई समाधान गर्न अनुरोध गर्न सक्नेछ । यो अनुरोध पूरा गर्न चालिएका सबै पाइलाहरुबारे अनुरोध गरिएको राज्य पक्षले प्रतिबेदन प्रस्तुत गर्नेछ ।

१९.राज्य पक्षहरुको साधारण वा विशेष वैठकले सम्बन्धित राज्य पक्षहरुलाई बिचाराधिन रहेका बिषय स्पष्ट पार्न र निर्णय गर्न साथै अर्न्तराष्ट्रिय कानून सम्मत कार्यबिधिहरु शुरु गर्न बिभिन्न उपाय तथा साधनहरु बारे सुझाव दिन सक्नेछ । ती बिषय जो अनुरोध गरिएको राज्य पक्षको नियन्त्रण भन्दा बाहिर रहि हेर्न सकिएको छैन त्यस्ता बिषयहरुको समाधान गर्न राज्य पक्षहरुका साधारण वा विशेष बैठकले उपयुक्त उपचारहरुका साथै धारा ६ मा उल्लेख गरिएका साझा कदमहरु प्रयोग गर्न सिफारिश गर्न सक्नेछ ।

२०. परिच्छेद १८ र १९ मा उल्लेखित निर्णयहरुमा सहमतिको आधारमा पुग्न राज्य पक्षहरुको साधारण वा बिशेष



See www.icbl.org/treaty/text - for more translations and authentic texts.

बैठकले हरेक प्रयास गर्नेछ । प्रयास असफल भएमा उपस्थित राज्य पक्षहरुको दुई तिहाई बहुमतको मतदानको आधारमा निर्णय हुनेछ ।

## धारा ९
### *राष्ट्रिय कार्यान्वयनका कदमहरु*

यस महासन्धी अर्न्तगत कुनै सदस्य राष्ट्रको लागि निषेधित गरिएको गतिबिधि रोकथाम गर्न र दवाउन प्रत्येक राज्य पक्षले दण्ड सजाँय लगायत कानूनी, प्रशासनिक र अन्य कदमहरु चाल

## धारा १०
### *बिवाद समाधान*

१.यो सम्झौतालाई लागू गर्ने र ब्याख्या गर्ने कममा उठेका विवादहरु समाधान गर्न राज्यपक्षहरुले एक अर्कासँग परामर्श गर्ने र सहयोग गर्ने छन् । प्रत्येक राज्य पक्षले यस्ता बिवादहरु राज्य पक्षहरुको बैठक समक्ष ल्याउन सक्नेछन् ।

२. राज्य पक्षहरुको बैठकले आफूलाई लागेको कुनै पनि साधनहरु प्रयोग गरी विवाद समाधान गर्न योगदान दिने छन् । यसबाहेक बैठकले राज्य पक्षहरुलाई विवाद समाधान गर्न अनुरोध पनि गर्नेछ र कुनै स्वीकृत कार्यबिधिको लागि समय–सीमा सिफारिश गर्नेछ ।

३. यो धाराले सम्झौताका सहजीकरण र स्पष्टिकरण सम्बन्धी प्राबधानहरुलाई कुनै प्रभाब पार्ने छैन ।

## धारा ११
### *राज्य पक्षका बैठकहरु*

१. यो सम्झौता लागू गर्ने र कार्यान्वयन गर्ने कममा उठेका विषयहरु मनन गर्न राज्य पक्षहरुको नियमित रुपमा बैठक बस्नेछ । यसबाहेक निम्न लिखित कुराहरु पनि हेरिने छन्

क) यो सम्झौताको अवस्था र सञ्चालन

ख) यस सम्झौताका प्रावधान अन्तरगत प्रस्तुत गरिएका प्रतिवेदनहरुबाट उठेका विषयहरु

ग) धारा ६ अनुरुप अन्तर्राष्ट्रिय सहयोग र सहायता

घ) मानब बिरुद्ध लक्षित बारुदी सुरुङ्ग सफा गर्न प्रविधिहरुको विकास

ङ) धारा ८ अन्तर्गत राज्य पक्षहरुको उपस्थिती

च) धारा ५मा ब्यबस्था भए अनुरुप अधिनमा आउने राज्य पक्षहरुको निर्णय

२. सम्झौतामा प्रवेश गरेको एक बर्ष भित्रै संयुक्त राष्ट्रसंघका महासचिवद्धारा राज्य पक्षहररुको पहिलो बैठक सञ्चालन गरिनेछ । त्यसपछिका बैठकहरु पहिलो सम्मेलनको समीक्षा नहुन्जेलसम्म संयुक्त राष्ट्रसंघका महासचिवद्धारा बर्षेनी सञ्चालन हुनेछ ।

३. धारा ८ मा ब्यवस्था गरिएको प्रावधान अनुरुप संयुक्त राष्ट्र संघका महासचिवले विशेष बैठक सञ्चालन गर्नेछन् ।

४. यस सम्झौताको पक्ष नभएका राज्यहरु , संयुक्त राष्ट्रसंघ, अन्य सम्बन्धित अन्तराष्ट्रिय संस्थाहरु अथवा संस्थानहरु, क्षेत्रीय संस्थाहरु, रेड कसको अन्तराष्ट्रिय समिति र सम्बन्धित गैर सरकारी संस्थाहरु कार्यविधिका स्वीकृत नियम अनुरुप पर्यवेक्षकहरुको रुपमा यस्ता बैठकहरुमा उपस्थित हुन आमन्त्रित हुन सक्छन् ।

## धारा १२
### *समीक्षा सम्मेलनहरु*

१. यस सम्झौतामा प्रवेश गरेको ५वर्षपछि संयुक्त राष्ट्र संघका महासचिवले समीक्षा सम्मेलन सञ्चालन गर्नेछन् । आगामी समीक्षा सम्मेलनहरु एक वा एकभन्दा बढी राज्य पक्षहरुले अनुरोध गरेमा संयुक्त राष्ट्र संघका महासचिवले सञ्चालन गर्नेछन् । यसरी महासचिवले सञ्चालन गर्दा समीक्षा सम्मेलनहरुको अन्तराल ५ बर्ष भन्दा कम हुनु हुँदैन । समीक्षा सम्मेलनमा सहभागी हुन सम्झौताका सबै राज्य पक्षहरु आमन्त्रित हुने छन् ।

२.समीक्षा सम्मेलनका उद्येश्यहरु निम्नलिखित हुनेछन्



See www.icbl.org/treaty/text - for more translations and authentic texts.

क) यी सम्झौताको अवस्था र सञ्चालन समीक्षा गर्नु

ख) धारा ११को अनुच्छेद २ मा उल्लेख भए अनुरुप आगामी बैठकहरुको आवश्यकता र अन्तरालबारे बिचार गर्नु

ग) धारा ५मा व्यवस्था भए अनुरुप अधिनमा आउने राज्य पक्षहरुबारे निर्णय गर्नु,र

घ) आवश्यकता भएमा यो सम्झौता कार्यान्वयन गर्नको लागि अन्तिम प्रतिवेदनका निष्कर्षहरु अनुशरण गर्नु ।

३. यस सम्झौताको पक्ष नभएका राज्यहरु, संयुक्त राष्ट्संघ, अन्य सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरु अथवा संस्थानहरु, क्षेत्रीय संस्थाहरु, रेड क्रसको अन्तराष्ट्रिय समिति र सम्बन्धित गैर सरकारी संस्थाहरु कार्यविधिको नियम अनुरुप प्रत्येक समीक्षा सम्मेलनमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रित हुन सक्नेछन् ।

## धारा १३
## *संशोधन*

१.यो सम्झौतामा प्रबेश गरे पश्चात कुनै पनि राज्य पक्षले कुनै पनि समय सम्झौतामा संशोधनको लागि प्रस्ताब राख्न सक्नेछ । संशोधनको लागि आएको प्रस्ताब सम्बन्धित भण्डार (Depository)मा पठाइन्छ र त्यहाँबाट उक्त प्रस्ताब सबै राज्य पक्षहरुलाई बितरण गरिन्छ र प्रस्ताब माथि विचार गर्न संशोधन सम्मेलन सञ्चालन गर्ने वा नगर्ने भन्ने बारे बिचारहरु संकलन गरिन्छ । यदि राज्य पक्षहरुको बहुमतले बितरण भएको ३० दिन भित्रै प्रस्तावलाई मनन गर्ने पक्षमा समर्थन जनाई भण्डार (Depository) लाई सूचित गरेमा सो भण्डारले संशोधन सम्मेलन सञ्चालन गर्नेछ जसमा सबै राज्य पक्षहरु आमन्त्रित हुने छन् ।

२. यस सम्झौताको पक्ष नभएका राज्यहरु, संयुत्त राष्ट्संघ, अन्य सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरु अथवा संस्थानहरु, क्षेत्रीय संस्थाहरु, रेड क्रसको अन्तराष्ट्रिय समिति र सम्बन्धित गैर सरकारी संस्थाहरु कार्यविधि नियमहरु अर्न्तगत प्रत्येक संशोधन सम्मेलनमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रित हुन सक्नेछन् ।

३. बहुसंख्यक राज्य पक्षहरुले अगाबै सम्मेलन हुनुपर्छ भन्ने अनुरोध गरेका बाहेक राज्य पक्षहरुको कुनै बैठक वा समीक्षा सम्मेलन समाप्त भएको तुरुन्तै संशोधन सम्मेलन संचालन गरिनेछ ।

४. यस सम्झौतामा अपनाउनु पर्ने संशोधनलाई संशोधन सम्मेलनमा उपस्थित दुई तिहाई राज्य पक्षहरुको बहुमतको मतदानको आधारमा अनुमोदन गरिने छ । यसरी अपनाइएको कुनै पनि संशोधन बारे भण्डार(Depository) ले राज्य पक्षहरुलाई सूचित गर्नेछ ।

५. यस सम्झौतामा गरिएको संशोधन सम्झौताका ती सबै राज्य पक्षहरुलाई लागु हुनेछ जसले उक्त संशोधनलाई स्वीकारोक्ति भण्डारलाई दिइ सकेका छन् । त्यसपछि अन्य बाँकी रहेका राज्य पक्षको हकमा भण्डारण्को लागि स्विकृती दिएको मितिबाट लागु हुनेछ ।

## धारा १४
## *खर्च*

१. राज्य पक्षहरुको बैठक, विशेष बैठकहरु र समीक्षा सम्मेलन तथा संशोधन सम्मेलनहरु सञ्चालन गर्दा लाग्ने खर्च राज्य पक्षहरुले र पक्ष नभएका वा सम्मिलित राष्ट्हरुले बेहोर्ने छन् । यो खर्च संयुक्त राष्ट्र संघमा ब्यबस्था भए बमोजिमको मापदण्ड अनुसार बेहोरिनेछ ।

२. संयुक्त राष्ट्र संघको मापदण्ड अनुसार संयुक्त राष्ट्र संघका धारा ७ र ८ अन्तर्गत गरेका खर्च र कुनै पनि तथ्य खोजी गर्ने मिसनमा लागेको खर्च राज्य पक्षहरुले बेर्होने छन् ।

## धारा १५
## *हस्ताक्षर*

१८ सेप्टेम्बर सन् १९९७ मा नर्वेको राजधानी ओसलोमा भएको यो सम्झौता क्यानाडाको राजधानी ओटावामा सबै

राज्यहरुको हस्ताक्षरको लागि ३ डिसेम्बर १९९७ देखि ४ डिसेम्बर १९९७ सम्म खुल्ला रहने छ र संयुक्त राष्ट्र संघको सचिवालय न्यू योर्कमा यो सभा ५ डिसेम्बर १९९७ मा हुनेछ ।

### धारा १६
### *मान्यता, स्वीकृति, अनुमोदन र प्रवेश*

१. यो सम्झौताको मान्यता, स्वीकृति, अनुमोदन हस्ताक्षरकर्ताहरुको अधिनमा रहने छन् ।

२. जुन राज्यले यस सम्झौतामा हस्ताक्षर गरेको छैन सो राज्य वा राज्यहरुको प्रवेशको लागि यो सम्झौता खुल्ला रहनेछ ।

३. मान्यता, स्वीकृति, अनुमोदन वा प्रवेश सम्बन्धि लिखितहरु भण्डारमा जम्मा गरिने छन्।

### धारा १७
### *लागु हुने*

१. यो सम्झौता मान्यता, स्वीकृति, अनुमोदन अथवा प्रवेशको चालिसौं लिखित जम्मा गरेको महिनाको छैठौं महिनाले पहिलो दिनमा लागु हुनेछ ।

२. कुनै पनि राज्य जसले मान्यता, स्वीकृति, अनुमोदन वा प्रवेशको चालिसौं लिखित जम्मा गर्दछ र यसरी मान्यता, स्वीकृति, अनुमोदन वा प्रवेशको लिखित जम्मा गरेको मितिबाट छैठौं महिनाको पहिलो दिन देखि यो सम्झौता लागु

### *धारा १८*
### *अस्थायी निवेदन*

मान्यता, स्वीकृति, अनुमोदन वा प्रवेशको समयमा धारा १ को परिच्छेद १ बमोजिम कुनै पनि राज्यले धारा १ को परिच्छेद १ बमोजिम लागु हुने कुरा स्थगित गरियोस भनी अस्थायी निवेदन प्रस्तुत गर्न सक्नेछ ।

### धारा १९
### *सिमा*

यस सम्झौताका धाराहरु शर्तहरुको सीमाभित्र पर्ने छैनन् ।

### धारा २०
### *अवधि तथा फिर्ता*

१. यो सम्झौता असीमित अवधिको लागि हुनेछ ।

२. आफ्नो राष्ट्रिय सार्वभौमिकता अभ्यास गर्ने क्रममा प्रत्येक राष्ट्रले यस सम्झौताबाट  अलग रहने अधिकार राख्नेछ । यसरी अलग रहन चाहने राष्ट्रले यसबारे अन्य राज्य पक्षहरु, भण्डारन र संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदलाई सूचित गर्नेछ । यसरी अलग रहन प्रेरित गर्न कारणहरुको पूर्ण ब्याख्या समावेश गर्नुपर्ने छ ।

३. यसरी अलग्गिने काम भण्डारलाई कारण सहित प्राप्त भएको ६ महिना पछि मान्य हुनेछ । ६ महिनाको अवधि समाप्त भयो तर अलग्गिन चाहने राष्ट्र कुनै सशस्त्र संग्राममा ब्यस्त छ भने सो संग्राम समाप्त नभए सम्म अलग्गिने कुरोको कार्यान्वयन हुनेछैन ।

४. यसरी सम्झौताबाट अलग्गिने राज्यहरुलाई उनीहरुले अन्तर्राष्ट्रिय नियम अनुरुप पूरा गर्नु पर्ने उत्तरदायित्वहरु जारि राख्ने कुरामा यसले कुनै प्रभाव पार्ने छैन ।

### धारा २१
### *भण्डार*

संयुक्त राष्ट्र संघका महासचिव यस सम्झौताका भण्डार (Depository) हुने छन् ।

### धारा २२

### *आधिकारीक पूर्णपाठ*

यस सम्झौताका मौलिक पूर्णपाठ (Texts) हरु, जो अरबी, चीनिया, अंग्रेजी, फ्रान्सेली, रुसी र स्पेनिस भाषाहरुमा छन् र समान रुपमा आधिकारिक छन्, संयुक्त राष्ट्र संघका महासचिव कहां संचित हुनेछन्

*स्रोत, :वैदेशिक विभाग तथा अन्तर्राष्ट्रिय ब्यापार*
*ओटावा, क्यानाडा (नवेम्भर २६,१९९७)*